www.eraptipost.com

"राप्तीको गौरव"

# राप्ती पोष्ट

Rapti Post National Daily

(राष्ट्रिय दैनिक)

वर्ष १६, अंक १३
असार १६ मंगलबार, २०८३
30, June, Tuesday, 2026
पृष्ठ ४ मूल्य रु. ५।-

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरूपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

*सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### २३ औं राष्ट्रिय धान दिवस

## वर्षासँगै लुम्बिनीमा धान रोपाइँको गति

●राप्तीपोष्ट समाचारदाता

दाङ, १५ असार । केही दिनयता मनसुन सक्रिय भई प्रदेशका अधिकांश जिल्लामा पर्याप्त वर्षा भएपछि लुम्बिनी प्रदेशका अधिकांश जिल्लामा धान रोपाइँले गति लिन थालेको छ । असारको सुरुआती दिनमा लामो समयसम्म वर्षा नहुँदा किसानहरू आकाशतर्फ हेर्दै खेतमा पानीको प्रतीक्षा गर्न बाध्य भएका थिए । तर पछिल्ला तीन दिनयता परेको वर्षाले खेतमा पानी जम्न थालेपछि किसानहरू रोपाइँमा व्यस्त बनेका छन् । प्रदेशका १२ वटै जिल्लामा अहिले धान रोपाइँ भइरहेको छ भने कृषि अधिकारीहरूका अनुसार आगामी एक साताभित्र रोपाइँको प्रतिशत उल्लेख्य रूपमा बढ्ने अपेक्षा गरिएको छ ।



लुम्बिनी प्रदेशको मुख्य खाद्यान्न बालीका रूपमा रहेको धान खेती यस वर्ष सुरुआतमा मनसुन ढिलो सक्रिय हुँदा प्रभावित बनेको थियो । विशेषगरी आकाशे पानीमा निर्भर किसानले समयमा ब्याड राख्नसमेत नपाउँदा खेती प्रभावित हुने चिन्ता बढेको थियो । अहिले भने वर्षा सुरु भएसँगै किसानहरूको अनुहारमा केही राहत देखिएको छ ।

दाङ जिल्लामा पनि केही दिनयता परेको वर्षापछि धान रोपाइँले गति लिएको छ । कृषि ज्ञान केन्द्र दाङका अनुसार जिल्लामा करिब ३६ हजार दुई सय हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । यस वर्ष असार १५ गतेसम्म पाँच हजार चार सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ, जुन कुल क्षेत्रफलको करिब १५ प्रतिशत हो ।

दाङमा घोराही, तुलसीपुर, लमही, बंगलाचुली, शान्तिनगर, दंगीशरण, गढवा, राजपुर र बबईका सिँचाइ सुविधा पुगेका क्षेत्रमा रोपाइँ तुलनात्मक रूपमा अघि बढेको छ । विशेषगरी कुलो तथा भूमिगत सिँचाइ सुविधा भएका खेतमा किसानले समयमै रोपाइँ गर्न सफल भएका छन् । तर राजपुर, गढवा, राप्ती गाउँपालिका तथा दक्षिणी क्षेत्रका केही गाउँमा लामो समय वर्षा नपर्दा धेरै किसानले ब्याड राख्नसमेत नपाएको अवस्था रहेको कृषि प्राविधिकहरू बताउँछन् ।

दाङ जिल्लामा वार्षिक रूपमा करिब एक लाख ७० हजार मेट्रिक टनभन्दा बढी धान उत्पादन हुने गरेको कृषि कार्यालयको तथ्याङ्क छ । धान दाङको प्रमुख नगदे तथा खाद्यान्न बालीमध्ये एक भएकाले यसको उत्पादनले जिल्लाको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने गरेको छ । यस वर्ष सुरुआतमा मनसुन कमजोर हुँदा उत्पादन घट्ने चिन्ता बढेको भए पनि पछिल्लो वर्षाले किसानमा आशा जगाएको छ ।

प्रदेश कृषि विकास निर्देशनालयका अनुसार असार १२ गतेसम्म प्राप्त जिल्लागत विवरणअनुसार प्रदेशभर छ लाख ७९ हजार छ सय १३ हेक्टर धान खेतीयोग्य क्षेत्रफलमध्ये करिब तीन लाख सात हजार तीन सय ६२ हेक्टर क्षेत्र रोपाइँका लागि तयारी अवस्थामा पुगेको थियो । तीमध्ये ६३ हजार नौ सय ७० दशमलव ५७ हेक्टर क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ, जुन कुल रोपाइँयोग्य क्षेत्रको २० दशमलव ८ प्रतिशत हो ।

निर्देशनालयका प्रमुख रामप्रसाद पाण्डेयले जिल्लाबाट प्रत्येक शुक्रबार अद्यावधिक विवरण प्राप्त हुने भएकाले सार्वजनिक तथ्याङ्क असार १२ गतेसम्मको रहेको जानकारी दिनुभयो । उहाँका अनुसार त्यसयता असार १३, १४ र १५ गते लगातार भएको वर्षाले अधिकांश जिल्लामा रोपाइँको अवस्था उल्लेखनीय रूपमा सुधारिएको छ ।

उहाँले पछिल्ला दुई दिन राम्रो वर्षा भएकाले प्रदेशका सबै जिल्लामा केही न केही क्षेत्रमा थप रोपाइँ सम्पन्न भएको बताउँदै आगामी अद्यावधिक तथ्याङ्कमा रोपाइँको प्रतिशत उल्लेखनीय रूपमा बढ्ने विश्वास व्यक्त गर्नुभयो । प्रदेशको तथ्याङ्कअनुसार नवलपरासी (पश्चिम) क्षेत्रफलका आधारमा सबैभन्दा अगाडि देखिएको छ । जिल्लाको २० हजार आठ सय ५७ हेक्टर धान क्षेत्रमध्ये १० हजार चार सय ३४ दशमलव पाँच हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ, जुन ५० प्रतिशत हो ।

प्रतिशतका आधारमा भने प्युठान प्रदेशकै पहिलो जिल्ला बनेको छ । जिल्लाको पाँच हजार चार सय ३५ हेक्टर धान क्षेत्रमध्ये दुई हजार नौ सय ७३ हेक्टरमा रोपाइँ सम्पन्न भई ५५ प्रतिशत प्रगति भएको छ । यसले पहाडी जिल्लामध्ये पनि अनुकूल मौसम र समयमै परेको वर्षाले खेतीमा सकारात्मक प्रभाव पारेको देखिएको छ ।

रूपन्देहीमा ६३ हजार पाँच ५० हेक्टर धान क्षेत्रमध्ये २७ हजार तीन सय ३६ दशमलव ५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । यहाँ कुल ४३ प्रतिशत क्षेत्रमा रोपाइँ भइसकेको छ । सिँचाइ सुविधा राम्रो भएका कारण रूपन्देहीमा प्रत्येक वर्ष प्रारम्भिक चरणमै रोपाइँले गति लिने गरेको कृषि अधिकारीहरू बताउँछन् ।

रोल्पामा ३० हजार सात सय ७३ हेक्टर धान क्षेत्रमध्ये १२ हजार ३० हेक्टरमा रोपाइँ सम्पन्न भई ४० प्रतिशत प्रगति भएको छ । त्यसैगरी बर्दियामा ५० हजार एक सय ५० हेक्टरमध्ये नौ हजार छ सय ८५ हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न भई करिब १९ दशमलव ३१ प्रतिशत प्रगति भएको छ ।

यद्यपि सबै जिल्लाको अवस्था समान छैन । पहाडी जिल्लामध्ये अर्घाखाँचीमा छ हजार पाँच सय ६० हेक्टरमध्ये सात सय ५७ दशमलव १७ हेक्टर अर्थात् ११ दशमलव २ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ सम्पन्न भएको छ । रुकुम पूर्वमा पाँच सय ५४ हेक्टरमध्ये ५५ दशमलव ४ हेक्टर अर्थात् १० प्रतिशत क्षेत्रमा रोपाइँ भएको छ । गुल्मीमा छ हजार पाँच सय ४१ हेक्टरमध्ये चार सय ५७ दशमलव ६७ हेक्टर अर्थात् ७ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ सम्पन्न भएको छ भने पाल्पामा ३७ हजार पाँच सय ६७ हेक्टरमध्ये एक हजार पाँच सय ९१ दशमलव ८५ हेक्टर अर्थात् करिब ४ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ भएको छ । यी जिल्लामा वर्षा ढिलो सुरु

➲ *बाँकी अन्तिम पेजमा*

## दाजुको हत्या गर्ने पक्राउ

●राप्तीपोष्ट समाचारदाता

बाँके, १५ असार । बाँकेको कोहलपुरमा आफ्नै सहोदर दाइको हत्या गरी नहरमा फालेर फरार रहेका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । कोहलपुर नगरपालिका वडा नम्बर ४ गोहवा बस्ने २० वर्षीय विनोद चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

विनोदले असार १४ गते साँझ करिब ७ बजे आफ्ना अन्दाजी २६ वर्षीय सहोदर दाइ मनोज चौधरीलाई कुटपिट गरी हत्या गरेका थिए । हत्या गरेपछि उनले दाइको शवलाई स्थानीय नहरमा फालेर फरार भएका थिए ।

घटनापछि फरार रहेका विनोद भारततर्फ भाग्न खोज्दै गर्दा सोमबार बिहान करिब ६:३० बजे बाँकेको कोहलपुर नगरपालिका वडा नम्बर १५ चन्हवाबाट पक्राउ परेका हुन् । घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको छ ।

## संजीवनी हस्पिटलको नि:शुल्क शिविर मावि झिङनीमा

●राप्तीपोष्ट समाचारदाता

घोराही, १५ असार । घोराहीस्थित संजीवनी टिचिङ हस्पिटलको प्राविधिक सहयोग तथा श्री माध्यमिक विद्यालय झिङनी, घोराही-३ बञ्जारीको आयोजनामा विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक तथा स्थानीयबासीका लागि एकदिने नि:शुल्क स्वास्थ्य परीक्षण तथा परामर्श शिविर सम्पन्न भएको छ ।



विद्यालय परिसरमा सञ्चालन गरिएको शिविरबाट दुई सय ५० भन्दा बढी विद्यार्थी तथा स्थानीयबासी लाभान्वित भएको आयोजकले जनाएको छ । विद्यालय उमेरका बालबालिका तथा समुदायमा देखिन सक्ने विभिन्न स्वास्थ्य समस्याको प्रारम्भिक पहिचान, आवश्यक परामर्श तथा समयमै उपचारमा पहुँच विस्तार गर्ने उद्देश्यका साथ शिविर आयोजना गरिएको हो ।

शिविरको उद्घाटन घोराही उपमहानगरपालिका-३ का वडा अध्यक्ष रामप्रसाद चौधरीले गर्नुभएको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूपबहादुर टोमटा, वडा नं. ३ नागरिक सरोकार समितिका अध्यक्ष पदम सुवेदी, संजीवनी टिचिङ हस्पिटलका व्यवस्थापक मदन पन्थी, विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, शिक्षक, कर्मचारी, नर्स तथा पारामेडिक्सको सहभागिता रहेको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै वडा अध्यक्ष चौधरीले विद्यालय र अस्पतालको सहकार्यमा सञ्चालन गरिएको स्वास्थ्य शिविरले विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीयबासीको स्वास्थ्य अवस्था समयमै पहिचान गर्न महत्वपूर्ण सहयोग पुगेको बताउनुभयो ।

उहाँले विद्यालय केन्द्रित यस्ता स्वास्थ्य कार्यक्रमले समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्नुका साथै प्रारम्भिक चरणमै रोग पहिचान गर्न सहज हुने उल्लेख गर्दै वडा क्षेत्रका अन्य विद्यालयहरूमा समेत यस्ता शिविर सञ्चालन गर्न अस्पताल प्रशासनलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै संजीवनी टिचिङ हस्पिटलका कार्यकारी प्रमुख दीपक रोकाले विद्यालय उमेर समूहका बालबालिकामा लुकेर रहेका विभिन्न स्वास्थ्य समस्याको प्रारम्भिक पहिचानका लागि विद्यालय केन्द्रित स्वास्थ्य परीक्षण प्रभावकारी माध्यम भएको बताउनुभयो ।

उहाँले अस्पतालले सामाजिक उत्तरदायित्वअन्तर्गत समुदायमा प्रत्यक्ष पुगेर स्वास्थ्य सेवा

➲ *बाँकी अन्तिम पेजमा*

## गोरखा सेकेन्डरी स्कुललाई राष्ट्रिय शिक्षा सम्मान-२०८३

●राप्तीपोष्ट समाचारदाता

तुलसीपुर, १५ असार । तुलसीपुर उपमहानगरपालिका-६ स्थित गोरखा सेकेन्डरी स्कुल राष्ट्रिय स्तरको प्रतिष्ठित 'राष्ट्रिय शिक्षा सम्मान-२०८३' बाट सम्मानित भएको छ ।

सामाजिक संस्था फोकस नेपालद्वारा काठमाडौंमा आयोजित विशेष समारोहमा विद्यालयलाई शिक्षा क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदान, गुणस्तरीय शिक्षाको प्रवर्द्धन, अनुशासित शैक्षिक वातावरण निर्माण, दक्ष जनशक्ति उत्पादन तथा समग्र शैक्षिक विकासमा निर्वाह गरेको महत्वपूर्ण भूमिकाको उच्च मूल्याङ्कन गर्दै सम्मान प्रदान गरिएको हो ।



काठमाडौंको भृकुटीमण्डपमा आयोजित कार्यक्रममा पूर्व शिक्षामन्त्री तथा प्रतिनिधिसभा सदस्य अर्जुननरसिंह केसीको उपस्थितिमा तथा फोकस नेपालका अध्यक्ष रामचन्द्र पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयलाई सम्मानपत्र प्रदान गरिएको थियो ।

विद्यालयले व्यवस्थापन (म्यानेजमेन्ट) संकायतर्फ लगातार तीन वर्षसम्म दाङ जिल्लामै उत्कृष्ट नतिजा हासिल गर्नुका साथै चालु शैक्षिक वर्षमा राष्ट्रिय स्तरमै प्रथम स्थान हासिल गरेको उपलब्धिको कदर गर्दै उक्त सम्मान प्रदान गरिएको जनाइएको छ । सम्मानपत्रमा विद्यालयले 'विद्यार्थी सर्वोधन प्रधानम्' भन्ने मूल उद्देश्यलाई आत्मसात् गर्दै पर्याप्त भौतिक पूर्वाधार, दक्ष तथा अनुभवी शिक्षक-शिक्षिका, समयानुकूल प्रतिस्पर्धात्मक शिक्षण प्रणाली, अतिरिक्त क्रियाकलापको प्रभावकारी सञ्चालन तथा उत्कृष्ट एसईई नतिजामार्फत राष्ट्रिय स्तरमा समेत सफल शैक्षिक

➲ *बाँकी अन्तिम पेजमा*

Gorkha Group

**VICTORIA INTERNATIONAL COLLEGE**

Ghorahi-13, Dang

**ADMISSION OPEN**

The Victoria Intrnational college, affiliated to Pokhara Univrersity, announces the admission Open for (new intake) in the following programs:

**Program offered**

BBA (Bachelor of Business Administration) - 43 seats
BHM (Bachelor of Hotel Management) - 43 seats

**Eligibility**

- +2 or proficiency certificate level or equivalent recognized by the college.
- Applicants must have minimym CGPA of 1.8 (At least D+ in each subject)
- Second Division (45%) in percentage system.

**Scholarship**

Wide range of scholarships are available for deserving students.

**Admission Procedure**

Online form, Test and Admission

**Document Required**

- Complete application form along with two copies of passport size photograph.
- +2 grade sheets
- Applicants, graduated from a foreign board must submit equivalency certificate as certified by NEB.
- Application Fee: Rs. 1000 to be deposited in Himalayan Bank Limited.
(A/c Name: Victoria International College | A/c No. 24755209520011)

*Online form is aslo available at the College website and facebook page.*
***(Transportation facility, available)***

**Contact Address:** Ghorahi-13, Barakune Tol, Dang | 082-563133 | 9847809283 | 9762526286
www.victoriacollege.edu.np | https://www.facebook.com/victoriacollegedang
Email: victoriacollege.dang@gmail.com |

# राप्ती पोष्ट
-राष्ट्रिय दैनिक-

**राप्ती पोष्ट दैनिकका लागि**

प्रकाशक/सम्पादक : शरद अधिकारी (९८५७८३०२९९)
कार्यकारी सम्पादक : भुवन देवकोटा
व्यवस्थापक: जीवन अधिकारी
प्रवन्धक : विनु दहाल

कानुनी सल्लाहकार : तुफानबाबु श्रेष्ठ

कार्यालय
शिक्षाशाखा रोड घोराही १५, दाङ फोन नं. : ०८२-५६३४५६
Email :
raptipost2066@gmail.com,Sharadreetu@gmail.com

तुलसीपुर शाखा सम्पर्क : ९८२९५४०६०९
लमही शाखा सम्पर्क : श्रवण बस्नेत ९८४७८४०३२०,
सल्यान सम्पर्क: ९८४७८४४२५०,
रुकुम सम्पर्क: ९८४९०३३६२,
प्यूठान सम्पर्क : ९८४७८७७३३३,
रोल्पा सम्पर्क : ९७४८५२६६२५,
भालुवाङ सम्पर्क: ९८४९१४३४६९,
पुरन्धारा सम्पर्क ९८४७८३०७२७
नेपालगञ्ज सम्पर्क : ९८४८२७५०७५,
मुद्रक : न्यू सूचना अफसेट प्रेस, घोराही दाङ


सम्पादकीय

## गफ हैन काम

असार महिनाको दोश्रो साता । लामो खडेरीपछि पानी परेका कारण मकैबाली सप्रिदैछ भने समयमै धान रोप्न पाइने आशमा पाउँदा किसानहरु खुशी देखिन्छन् । यो समयमा झरी बादल लागेर गर्मी भएको छैन । अबको केही दिनभित्र दर्केर पाने परेपछि धान रोप्ने समय हुन्छ । यतिबेला आकाशमा कतै बादल । कतै वर्षाका कारण केही दिनसम्म मौसम घमाइलो नहुने अनुमान गर्न सकिन्छ । गत सालको जस्तै यो सालको वर्खामा वर्षात प्रशस्त भयो भने धानखेती सप्रिनेछ । हुन त सबै दिन, बार, गते, महिना र सालका विशेषता फरक फरक हुन्छन् । तर पनि धानखेती गरिने समयलाई अलि बढी महत्व दिनेगरेको पाइन्छ । जीवनमा एउटाको स्वभाव अर्कोसंग मिल्दैन । एउटाको ताल अर्कोसंग मेलखाँदैन । संगीत र गीतको स्वभावसंग भूगोल र अर्थशास्त्रसंग तुलना हुन सक्दैन । नाचको सम्मान ताली पिटेर हुन्छ । गीतको सम्मान सुनिदिएर हुन्छ । साहित्यकारको सम्मान उसका कृति पढिसकेर सुझाव दिएपछि हुन्छ । जीवनको सम्मान सही बाटोमा हिडाउन पहल गरेर हुन्छ । कृषिको सम्मान खेती गरेर हुन्छ । सम्मानले मान्छेमा उर्जा थप्ने काम गर्छ । सम्मानले मान्छेमा उत्साह भर्ने काम गर्छ । उत्साहले जीवनलाई रसिलो बनाउँछ ।

लेखकको सम्मान उसका रचना पढिदिएर हुन्छ । धर्तीको सम्मान कृषिकर्म गरेर हुन्छ । बालीविरुवाको सम्मान झरपात गोडमेल गरेर हुन्छ । आमा बाबुको सम्मान उनीहरुको सेवा गरेर हुन्छ । गुरुको सम्मान अर्ति मानेर हुन्छ । प्रतियोगितामा विजयी हुनेको सम्मान पुरस्कार प्रदान गरेर हुन्छ । राजनीतिको सम्मान उसको आदर्श नैतिकता अनुशरण गरेर हुन्छ । गफले खेतीपातीको अपमान गर्छ । कुरा एउटा र काम अर्को गर्नेले राजनीतिको चरित्र सफा बनाउन सकिदैन । इमान्दारिता र नैतिकता राजनीतिका धुरीखाँबा हुन् । निष्ठा र स्वाभिमान राजनीतिका जगभित्रका ढुङ्गा हुन् । खासगरी सत्तामा बस्नेहरुका कारण राजनीतिको रुप बदलिन्छ । स्वरुप फेरिन्छ र मर्यादाको सीमा हेरफेर हुन्छ । सत्ता, शक्ति र पैसाले राजनीतिलाई आफ्नो नियन्त्रणमा राख्ने सोचका कारण शक्ति संघर्ष निरन्तर चल्दै आइरहेको छ ।

हाम्रो समाजमा कतिपय मान्छेहरुले राजनीतिका कुरा गर्न थालेपछि संसार सबै बुझेको जस्तो गर्छन् । यस्तो लाग्छ उनीहरु भित्र राजनीति मात्र होइन भूगोल, इतिहास, समाजशास्त्र, वर्तमान र भविष्य सबै क्षेत्रको अथाह ज्ञान छ । उनीहरुका अघिल्तिर राजनीतिकर्मी छ । कुनै दलको स्कुल विभागको प्रमुख छ । भूगोलका ज्ञाता छन् । इतिहासका व्याख्याता छन् । तर यसको कुनै वास्ता नगरेर राजनीतिप्रति पटक्कै चासो छैन भन्नेहरुले राजनीतिका गफ गरेर धेरैलाई मिछ्याट लगाएका हुन्छन् । गफको कुनै सीमा हुँदैन । गफको कुनै विषय हुँदैन । लक्ष हुँदैन । उद्देश्य हुँदैन । कुनै सन्देश हुँदैन । कुनै विचार हुँदैन । आस्था,विश्वास र इमान्दारिता हुँदैन । तर पनि धेरै मान्छेहरुलाई मनपर्ने पक्ष भनेकै गफ गरेर समय बिताउनु हो । सबैले बुझ्नुपर्ने कुरा के हो भने गफले कहिले पनि लछारपाटो लगाउँदैन । गफले कतै पनि उन्नतिको लागि आड भरोसा दिने काम गर्दैन । मान्छेले प्रगति गर्नको लागि गफ हैन उत्पादनमूलक काम गर्न अघि सर्नैपर्छ । यसका लागि प्रेरणा र उत्साह भर्ने जिम्मा राज्य सन्चालकहरुको नै हो । तर यतातिर ध्यान दिन नसक्दा उत्पादन कम । आयात बढी । यस्तो परिस्थितिका कारण मुलुकको अर्थतन्त्र खस्किदै गइरहेको छ ।

# आलीदेखि थालीसम्म कृषि यात्रा

**नेपालको मौलिक भूधरातल, पहाडी तथा हिमाली पारिस्थितिकीय र नेपाली समाजको विशिष्टतालाई पूर्ण उपेक्षा गरी बाहिरबाट आयात गरिने कृषि रुपान्तरणको कुनै पनि ढाँचा नेपालमा कहिल्यै सफल हुन सक्दैन**



✍ कृष्णप्रसाद पौडेल

मैदानी औद्योगिक विकास र यसका लागि गरिएको व्यापारिक कृषिले पृथ्वीको बहन क्षमता निरन्तर घट्दै छ । यसले पर्यावरण र जैविकचक्रमा ल्याएको पुनर्उत्पादन असन्तुलनपछि समग्र पृथ्वीको जैविक जीवन अनि मानव जीवनमा घातक प्रभाव पारिरहेको छ । जलवायु परिवर्तनको तीव्र असर, वातावरण र माटोको बढ्दो रासायनिक प्रदूषण तथा जैविक विविधताको निरन्तर ह्रासकै कारण आज विश्व खाद्य प्रणालीमा नयाँ, जटिल र अनपेक्षित चुनौती थपिएको छ ।

यी चुनौतीले हाम्रो जीवन र जीविकोपार्जनको मौलिक आधारलाई भित्रभित्रै निरन्तर भत्काइरहेका छन् । बढ्दो तापक्रम, पानीचक्रको अनिश्चितता, खडेरी र खेतीपातीमा देखिने नयाँ रोगव्याधिको प्रकोप हाम्रा सर्वसाधारण किसानको दैनिक नियति बनिसकेको छ । बाह्य मल, बीउ, प्रविधि अनि ज्ञानले रैथाने बीउबिजन र प्रविधि मासिएको छ । अब खेतीपाती अनि खानाको परम्परागत वास्ना र स्वादसँगै हाम्रा रैथाने बालीहरू इतिहासको पानामा सीमित हुँदै लोप हुने अवस्थामा पुगेका छन् ।

हाम्रो कृषि प्रणालीलाई उन्नत र समयानुकूल बनाउन विज्ञान-प्रविधिको प्रयोग अवश्य गर्नुपर्छ । तर, कस्तो प्रविधि र कसको विज्ञान ? अहिलेको नाफा मात्रै बढाउने प्रविधि निर्देशित विज्ञान र प्रविधि आफैंमा साँघुरो दायराभित्र रुमल्लिएर दिग्भ्रमित छ । कृषि विज्ञान जीवन र माटोसँग भन्दा व्यापारसँग मात्रै जोडिएकाले यो विषय सानैदेखि विद्यालयमा सिकाउन नसक्दा आजका शिक्षित र पढेलेखेका युवा कृषि कर्म गर्न डराएका हुन् । त्यसैले अब कृषि क्षेत्रलाई बाध्यताको पेसा वा गरिब र विपन्नले मात्रै गर्ने श्रमबाट मुक्त गरी आत्मसम्मानको मर्यादित सामाजिक उद्यममा बदल्न ढिला भइसकेको छ ।

स्थानीय उत्पादन बढाउन र नेपाली भूमिलाई आत्मनिर्भर बनाउन तत्कालै गर्नुपर्ने माटोको पुनरुत्थान, वातावरण अनुकूलन, पोषण व्यवस्थापन र रैथाने बीउ सुधारजस्ता आधारभूत अनि तल्लो तहका कार्य पूर्ण रूपमा ओझेल परेका छन् । वास्तविक धरातल र माटोमा काम गर्नुको सट्टा केवल कृषि खाद्य प्रणाली सुधारका कागजी बुँदा र प्रतिवेदन मिलाउनमै राज्यका संयन्त्र, नीति निर्माता, सरोकारवाला अलमलिइरहेका छन् ।

बितेका केही दशकदेखि नेपालमा बाह्य स्रोत, विदेशी अनुदान र विश्वबजारमा आधारित पूर्णरूपमा आयातित कृषि ढाँचाबिना कुनै आवधिक आत्मसमीक्षा नक्कल गरिएको छ । कृत्रिम रासायनिक मल, घातक विषादी, आयातीत प्रविधि र नपुंसक बीउमा निर्भर यस परावलम्बी कृषि अभ्यासले हाम्रो उत्पादनको परिमाण मात्रै घटाएको छैन, हाम्रो पुस्तौंदेखिको उर्वर माटो, जैविक विविधता र समग्र पर्यावरणलाई समेत गम्भीर रूपमा बिरामी र जर्जर बनाएको छ । यति ठूलो क्षति र यथार्थ आँखैअघि छ । तर, यदि हामीले अझै कृषिलाई विनाशकारी र रासायनिक बाटोमा हिँडाइरहने हो भने नेपाली कृषि-क्षेत्र निकट भविष्यमै कहिल्यै नउठ्ने गरी 'कोमा' मा जाने निश्चित छ ।

नेपालमा कृषि रूपान्तरण र आत्मनिर्भरताको बहस जोडतोडले उठेको छ । देशभित्र र बाहिर नेपालले लिनुपर्ने कृषिको पुनरुत्थान-उत्थानको बाटोबारे चासो, खोजी र वैचारिक बहस सुरु भएका छन् । सँगै विभिन्न दातृ निकाय र परामर्शदाताका थरीथरीका प्रस्ताव अनि रणनीतिक कार्यक्रमका दस्तावेज बनिरहेका छन् । तर, कतिपय यस्ता कार्यक्रम वैदेशिक सहायताको नाममा मुलुकलाई थप ऋणको भारी बोकाउँदै नेपाल भित्रिरहेका छन् । हाल नेपाली कृषि क्षेत्रमा मुख्यतः तीन वटा वैचारिक दृष्टिकोणबीच तीव्र बहस चलिरहेको देखिन्छ ।

पहिलो, बजारमुखी औद्योगिक कृषिको दृष्टिकोणले अहिलेकै कर्पोरेट र बजारमुखी औद्योगिक कृषिको ढाँचालाई नै थप विस्तार गर्नुपर्छ भन्ने सोच राख्छ । नेपालको कृषिलाई कस्तो बनाउने भन्ने नीतिगत साँचो अप्रत्यक्ष रूपमा यस्तै व्यापारिक शक्तिको हातमा देखिन्छ । त्यसैले उनीहरू आधारभूत खाद्यान्नसमेत आयात गरेर गुजारा चलाउन बाध्य नेपाली किसानको आत्मसम्मान अनि खाद्य सार्वभौमिकता बढाउँदै 'आत्मनिर्भर कृषिमा आधारित खाद्य प्रणाली' निर्माण गर्नुको सट्टा 'निर्यातमुखी औद्योगिक उत्पादन र यसको बजार विस्तार' को झूटो र भ्रमपूर्ण सपना बेचिरहेका छन् ।

औद्योगिक कृषिको रटान लगाउने यो स्वार्थ समूहलाई नेपालको माटो, यहाँका नागरिकको स्वास्थ्य र रैथाने किसानको जीवनस्तरसँग कुनै सरोकार छैन । वार्षिक रूपमा रासायनिक मल खरिद गर्नकै लागि मात्रै कुल कृषि बजेटको झन्डै ७० प्रतिशत रकम खर्च गर्ने हालैको सरकारी निर्णय यही औद्योगिक र आयातीत विकासको भ्रमित मतिको प्रत्यक्ष परिणाम हो । यो बाटोले नेपालको बचेखुचेको परम्परागत र पर्यावरणमैत्री कृषि प्रणालीलाई थप तहसनहस बनाउने निश्चित छ । वास्तवमा, आज नेपाली कृषि क्षेत्रले भोगिरहेको बहुआयामिक संकटको मुख्य कारक पनि यही औद्योगिक कृषि ढाँचा नै हो । केही सीमित सत्ता, शक्ति र बिचौलियाको निहित स्वार्थको माखेसाङ्लोमा अल्झिएको यो विषाक्त कृषिको बाटोले नै आज हामीलाई यो परनिर्भर र दयनीय अवस्थामा पुऱ्याएको हो ।

दोस्रो दृष्टिकोण, यही औद्योगिक ज्ञान-प्रविधिमा आधारित भएर अहिलेकै कृषिलाई औद्योगिक स्तरोन्नति गर्ने सोचबाट प्रेरित छ । यसले अहिलेकै कुरूप औद्योगिक कृषिको ढाँचामाथि 'जैविक कृषि' को सतही र सैद्धान्तिक लेपन वा जलप लगाएर कृषि रूपान्तरणको रंगीन सपना देखाउने प्रयास गरिरहेको छ ।

यस दृष्टिकोणले उठाउने कतिपय नीतिगत तथा संगठनात्मक सुधारका बहस सुन्दा सकारात्मक र आकर्षक सुनिन्छ । तर, यसको भित्री मनसाय र नियत अन्ततः कृषिलाई बहुराष्ट्रिय औद्योगिक बजारकै खाल्डोमा धकेल्ने व्यापारिक सोचबाट ग्रसित छ । उनीहरू जनता पाल्ने कथित ओठे जिम्मेवारीको कृत्रिम बोझ देखाएर दूरगामी र अग्रगामी प्रांगारिक सुधारको वास्तविक बाटोलाई छेक्ने काम गरिरहेका छन् ।

आज कृषि सुधारका नाममा बन्ने अधिकांश नीति, रणनीति र मार्गचित्रले त्यही मैदानी औद्योगिक आधुनिकताकै अन्धानुकरण गरिरहेका छन् । 'विश्व खाद्य प्रणाली सुधार' को रट लगाउँदै उनीहरूले नेपालको माटो सुहाउँदो, किसानमुखी र गतिशील मौलिक कृषि रूपान्तरणको बाटोमा तगारो हाल्ने काम गरिरहेका छन् । 'यो आयातीत सोच नै वास्तविक कृषि रूपान्तरण हो' भन्नु सरासर भ्रमको खेती हो । यस्ता नीतिले हाम्रो कृषि र खाद्य प्रणालीको रूपान्तरणलाई केवल एउटा सामान्य प्राविधिक औजार वा 'औद्योगिक कृषि स्तरोन्नति' का रूपमा मात्रै बुझ्ने र प्रस्तुत गर्ने गम्भीर गल्ती गरिरहेका छन् ।

तेस्रो दृष्टिकोण, नेपालको मौलिक, रैथाने, परम्परागत र प्रकृतिसम्मत खेतीपाती प्रणालीको जगमा उभिएर यसको बहुआयामिक र गतिशील रूपान्तरण गर्नुपर्छ भन्ने मान्यता राख्छ । हाम्रो 'आलीदेखि थालीसम्म' को खाद्य यात्रा त वास्तवमा हाम्रा स्थानीय सूक्ष्म हावापानी, विशिष्ट भूगोल र रैथाने खाद्य पहिचान अनुकूलको ऐतिहासिक जगमा तयार पारिएको हुनुपर्छ । केवल बाह्य प्रविधिको फेरबदल, विषादीको अलिकति न्यूनीकरण वा यान्त्रिकीकरणले मात्रै जैविक कृषिको वास्तविक मर्म र दर्शन आत्मसात् गर्न सक्दैन । नेपालको मौलिक भूधरातल, पहाडी तथा हिमाली पारिस्थितिकीय र नेपाली समाजको विशिष्टतालाई पूर्ण उपेक्षा गरेर बाहिरबाट आयात गरिने कृषि रूपान्तरणको कुनै पनि ढाँचा नेपालमा कहिल्यै सफल हुन सक्दैन ।

हामीले गम्भीरतापूर्वक बुझ्नैपर्ने मुख्य कुरा हो- यो समय कृषिको कुनै सामान्य प्रशासनिक कार्ययोजना वा प्राविधिक योजनाको प्रतिवेदन तयार पारेर थन्क्याउने क्षण मात्रै होइन, बरु सम्पूर्ण कृषि र खाद्य प्रणालीमै एउटा गतिशील, आमूल अनि संरचनात्मक परिवर्तन ल्याउने ऐतिहासिक घडी हो । समग्रमा, नेपालको विशिष्ट भू-पारिस्थितिकीय सन्दर्भ, यहाँको समृद्ध जैविक विविधता र विविधतापूर्ण खाद्य संस्कृतिले वर्तमानको परनिर्भर खाद्य प्रणालीमा आधारभूत-क्रान्तिकारी परिवर्तनको माग गर्छ । जैविक वा प्रांगारिक कृषिलाई कुनै बन्द कोठामा तयार पारेको वा अन्य विकसित देशबाट आयात गरिएको तयारी ढाँचामा यहाँ जबरजस्ती ढाल्न सकिँदैन र मिल्दैन पनि ।

हामीले आली र कान्लालाई बलियो, उत्पादनशील बनाएर देशको कुल उत्पादन बढाउने इमानदार सोच राख्ने हो भने नेपालको बाँझो जमिनभित्र ठूलो, ऐतिहासिक, सुनौलो अवसर छ । नेपालका धेरै खेतीयोग्य जमिन लामो समयदेखि खेती नगरिएका कारण बाँझो रहँदा ती जमिन रासायनिक प्रदूषण र घातक विषादीको दुष्चक्रबाट स्वतः मुक्त भएका छन् ।

अर्को अर्थमा, ती भूमि यतिबेला पूर्णरूपमा प्राकृतिक र पवित्र अवस्थामा फर्किएका छन्, स्वच्छ, विषरहित खाद्यान्न उत्पादनका लागि पूर्ण सुरक्षित पनि छन् । 'देशको झन्डै एकतिहाइ यस्तो बाँझो जमिनमा अब कुनै पनि कृत्रिम रसायन र विषादी हाल्ने छैनौं' भनेर यदि राज्य र नागरिकले दृढ संकल्प गर्ने हो भने नेपालमा जैविक कृषि यात्रालाई कसैले रोक्न सक्दैन । एउटा अत्यन्तै गम्भीर, अहं र पेचिलो प्रश्न आज हाम्रासामु तेर्सिएको छ- के आली-कान्ला सुधारेर स्थानीय उत्पादन नबढाई सिधै मानिसको थालीमा रैथाने र स्वच्छ खाना आउन सक्छ ?

यो प्रश्नको स्पष्ट, निर्भीक र इमानदार जवाफ आजको नेतृत्वसँग हुनुपर्छ । अब हाम्रा स्थानीय, प्रान्तीय र संघीय सरकार तथा सरोकारवालाले कृषिको कुन बाटो रोज्छन् ? त्यसैले नै हाम्रो आगामी समाजको खाद्य सुरक्षा, नागरिकको स्वास्थ्य र नेपालको राष्ट्रिय भविष्य निर्धारण गर्नेछ । यस अर्थमा, नेपाली समाजको आलीदेखि थालीसम्मको समग्र यात्राको नियति र भविष्य अबको नीति, राजनीतिक नेतृत्वको दृढ इच्छाशक्ति र उनीहरूले लिने ऐतिहासिक निर्णयको पर्खाइमा छ ।

**- (कान्तिपुरबाट)**

# धान अर्थतन्त्रको आयाम

✍ जुनारबाबु बस्नेत

आज असार १५ गते । युगौंदेखि यो दिनमा नेपाली समाजमा दहीचिउरा खाने प्रचलन छ । चिउराको स्रोत धान नै हो । धानलाई भिजाएर, उसिनेर, भुटेर, कुटेर अनेक परम्परागत प्रशोधन गरी चिउरा बनाउने कुनैबेलाको अब्बल अन्वेषण हुनु पर्छ । कृषि उद्यमको यो उतिबेलाको विस्तारित जरा पनि हो । वास्तवमै पुर्खाको त्यो ठुलो खोज थियो । पकाएको भात जस्तो चिउरा बासी र सड्ने गल्ने हुँदैन । समय विस्तारमा व्यापार र प्रयोग गर्न सकिन्छ । सञ्चय गरेर आवश्यक परेको बेला प्रयोग गर्न सकिने ऊबेलाकै कति अब्बल प्रशोधन । मेलापात, यात्रा, भोज आदिमा चिउराको सजिलै प्रयोग गर्न सकिन्छ । असार महिना धान रोप्ने महिना । मानो रोपेर मुरी उब्जाउने महिना पनि हो यो । धान रोपाइँलाई उत्पादन, श्रम र सभ्यतासँग जोड्न असार १५ मा खेतमै काम गर्दागर्दै खाजाका रूपमा दहीचिउरा खाने गरिन्थ्यो, अझै गरिँदै । समयक्रममा यो दिनलाई धान दिवसका रूपमा मनाउन थालियो । विसं २०६२ असार १५ गतेबाट यो दिवस मनाउन थालियो । नेपालमा कृषिक्षेत्रमा किसानको श्रमको योगदान बढाउँदा धानको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु नै दिवस मनाउन थालिएको हो । त्यसका निम्ति २०६१ मङ्सिर २९ गते मन्त्रीपरिषद्ले प्रत्येक असार १५ गतेलाई धान दिवस मनाउने निर्णय गरेको थियो । २०६२ असार १५ गतेबाट दिवस निरन्तर छ । दिवसको लक्ष्य र सार्थकता समयका कसीमा घोट्दै भने जानु पर्छ ।

नेपालमा धान दिवस मनाउन कृषि वैज्ञानिक स्व. भोलामान सिंह बस्नेतको योगदान बिर्सन मिल्दैन । उहाँ नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) मा कृषि वैज्ञानिकका रूपमा काम गर्नु हुन्थ्यो । रैथाने धानको संरक्षण तथा नयाँ धानको अन्वेषणमा उहाँको लगाव नेपाली परिवेशमा सीमातीत भएको धेरैको अनुभव छ । धानमा अध्ययन अनुसन्धानसँगै प्रसारमा पनि उत्तिकै निपुण उहाँले नै धान दिवस मनाउन प्रस्तावलाई अगाडि बढाउनुभएको थियो । यो विषयमा उहाँसँगै कुरा गरेको अनुभव छ मेरो । उहाँ धान नेपालको मूल धन भन्नुहुन्थ्यो । टेलिभिजनमा आफैं कार्यक्रम चलाउनु हुन्थ्यो । रेडियोमा बोल्नु हुन्थ्यो । अखबारमा लेखरचना लेख्नु हुन्थ्यो । समाचारदाताका निम्ति उहाँ पहुँचयोग्य स्रोतव्यक्ति नै हुनुहुन्थ्यो । संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय धान वर्ष घोषणा गरी धानलाई कृषि अर्थतन्त्रमा योगदान बढाउन ठुलो पहल विश्वव्यापी रूपमै गरेपछि नेपालमा पनि त्यसको सकारात्मक प्रभाव पर्न गयो । त्यसअघि नै असार १५ लाई धान दिवस मनाउनु पर्छ भन्ने कृषि वैज्ञानिक बस्नेतले गर्नुभएको पहलले सार्थकता पायो । दहीचिउरा खाने दिनलाई नै धान दिवस मनाउनु पर्छ भन्ने उहाँको बलियो तर्कलाई सरकारले सम्बोधन गऱ्यो । उहाँलगायतको प्रयासलाई सरकारले प्रक्रियागत रूपमै सम्बोधन गर्न सक्यो । दिवसले संस्थागत मान्यता दियो । मनाउन थालियो तर पनि अझै धान अर्थतन्त्रलाई बलियो बनाउन धेरै काम गर्न बाँकी छ । असार १५ लाई रोपाइँ महोत्सव र केही औपचारिक कार्यक्रममा मात्र सीमित गरिनु हुँदैन । नेपाली स्वनिर्भर अर्थतन्त्रको आधार बनाउने योजना, नीति र कार्यक्रमको मार्गचित्र बनाई काम गर्नु जरुरी छ ।

यो वर्षको धान दिवसको नारा 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' रहेको छ । नाराले नै धानको अर्थतन्त्र बढाउने दूरगामी लक्ष्य राखेको छ । जलवायु परिवर्तनको असर व्यापक बन्दै गएको छ । भोगिएकै छ, यो वर्ष पनि वैशाख जेठमा प्रशस्तै पानी परे पनि असार लागेपछि सुक्खा हुँदै छ । असारको मध्य हुँदा देशभर औसत १५ प्रतिशतसम्म पनि रोपाइँ हुन सकेको छैन । मनसुनी वर्षामा निर्भर हाम्रो कृषिका निम्ति लक्ष्य अनुसार सिँचाइ पूर्वाधार विस्तार हुन सकेको छैन । त्यसैले धान दिवसको नाराले जलवायुमैत्री प्रविधिको अन्वेषण र प्रयोगतर्फ अब बढी ध्यान दिन आग्रह गरेको छ । भोलामानसिंह बस्नेतले उतिखेरै भनेको सम्झना छ, अब कम पानीमा हुने धानको विकास गर्नु पर्छ, भविष्यमा पानीको सङ्कट हुन सक्ने छ । जलवायु असरको सङ्केत थियो यो ।

यो वर्षको नारामा थप विषय वस्तु हो स्वनिर्भरता । धानमा देशको निर्भरताबाटै समृद्धिको सपना सम्भव हुने छ । नेपालको कुल गार्हस्थ उत्पादन ( जिडिपी) मा कृषि क्षेत्रको योगदान एक चौथाइ (२४ प्रतिशत) हाराहारी भएको आर्थिक सर्वेक्षणले देखाउँछ । त्यसमा धानको योगदान महत्वपूर्ण छ । कृषिक्षेत्रभित्र धान एकै बालीको मात्र योगदान २० प्रतिशत हाराहारी छ । समग्र अर्थतन्त्रमै पनि धानको योगदान पाँच प्रतिशतसम्म छ । अझ महत्वपूर्ण कुरा त के छ भने धान उत्पादनमा एक प्रतिशतको वृद्धिले कृषिक्षेत्रको जिडिपी योगदान पनि उल्लेख्य बढाउन सहयोग गर्छ । वार्षिक झन्डै दुई खर्ब रुपियाँको धान उत्पादनबाट यसको समग्र अर्थतन्त्रमा योगदान स्पष्ट हुन्छ । नेपालीको भान्सामा चामलको पहुँच बढाउन धानचामलको आयात होइन, देशभित्रै उत्पादन बढाउनु आवश्यक छ । औसत नेपालीले खाने दालभात तरकारी नै हो । दालभातलाई सम्पन्नताकै प्रतीक जस्तो पनि मानिन्छ । गरिबीका रेखामुनि झन्डै ६० लाख नेपालीको सपना दालभात तरकारी हो । यो पूरा गराउन सक्दा मुलुकबाट स्वाभाविक रूपमा गरिबी हट्ने छ । यसबाट खाद्य सुरक्षा र हाम्रो अर्थतन्त्रको मूल चरित्रमा धानको योगदान गहन रूपले स्पष्ट हुन्छ । अन्य खाद्यान्नको पनि खाद्य सुरक्षा र पोषणमा विशिष्ट महत्व भए पनि त्यसलाई चामलले खासै प्रतिस्थापन गर्न नसक्ने व्यावहारिक यथार्थ देखिन्छ ।

धानचमल बढी उत्पादन हुने तराईमै हो । पहाड र उच्च हिमाली भेगमा व्यापक मात्रामा उत्पादन हुँदैन तर उत्पादित चामलको विविधता र उच्च मूल्य छ । यताका दशकमा सडकको पहुँचले तराईको चामल पहाड र हिमालसम्म पुग्न सकेको छैन । त्यसैले पनि हुनु पर्छ, कुनैबेला नेपालबाट निर्यातसम्म हुने धानचामल अहिले देशभित्रै खपतका निम्ति न्यून हुन पुगेको छ । बढ्दो जनसङ्ख्याका कारण पनि धानचामल आयात गर्नु परेको हो । धानचामल निर्यात हुने बेला विसं २०२० र ३० को दशकमा करोड हाराहारी मात्र जनआवादी थियो । अहिले जनसङ्ख्या तीन करोड पुगनपुग छ । बढ्दो जनसङ्ख्याका निम्ति उत्पादित धानले बजार माग सम्बोधन गर्न सकेको छैन । आफ्नो उत्पादनले नपुगेपछि आयात बाध्यता हो । विशेष गरी कतिपय उच्च सहरिया वर्ग, भोजभतेर, होटेल तथा पार्टी प्यालेस संस्कृति बढेसँगै आयातीत लामा लामा चामलको प्रयोग बढेको छ । त्यस्तो चामल महँगो छ । औद्योगिक प्रशोधन गरिएको भनिएका त्यस्ता चामलको स्थास्थ्यमा पार्ने असरमा अनेक विवेचनासमेत हुन गरेको छ । देशभित्रै उत्पादन

➲ बाँकी तेस्रो पेजमा

# असार बित्दै जाँदा पनि बाँकेका खेत धुलाम्मे

●राप्तीपोष्ट समाचारदाता



बाँके, १५ असार । मनसुन सुरु भएको लामो समय बितिसक्दा पनि बाँकेमा पर्याप्त वर्षा हुन नसक्दा जिल्लाका अधिकांश खेतबारी धुलाम्मे बनेका छन् । असार महिना आधा बित्न लाग्दा समेत धान रोपाइँ हुन नसक्दा किसानहरू गम्भीर चिन्तामा परेका छन् भने कतिपय स्थानमा धानको ब्याडमै चिरा परेर धाजा फाट्न थालेको छ ।

विगतका वर्षहरूमा असार लागेसँगै खेतमा हरियाली छाउने र रोपाइँको चटारो सुरु हुने गरे पनि यस वर्ष वर्षाको अभावले बाँकेका अधिकांश फाँट उजाड देखिएका छन् । विशेषगरी जिल्लाको दक्षिणी क्षेत्रका किसान वर्षाको पर्खाइमा बस्न बाध्य भएका छन् ।

राप्तीसोनारी गाउँपालिका-७ फत्तेपुरका किसान धुमलिया थारूले यस वर्षको अवस्था विगतभन्दा निकै फरक रहेको बताउनुभयो। उहाँका अनुसार यसअघि असार महिनामा यति लामो समयसम्म पानी नपरेको अनुभव कमै भएको थियो ।

उहाँले आफूहरूसँग वैकल्पिक सिँचाइको कुनै व्यवस्था नभएकाले खेती पूर्ण रूपमा आकाशे पानीमै निर्भर रहेको बताउनुभयो। "सिँचाइको सुविधा छैन, पानी लाग्ने अवस्था पनि छैन । त्यसैले वर्षा नहुँदा निकै गाह्रो भएको छ," उहाँले भन्नुभयो ।

आफ्नो १० कट्ठा जमिन मात्र रहेको भए पनि अधियाँमा थप जग्गा लिएर करिब डेढ बिघामा धानखेती गर्दै आएको उहाँले जानकारी दिनुभयो । प्रत्येक वर्ष अधियाँ खेतीबाट करिब १० क्विन्टल धान उत्पादन हुने गरेको भए पनि यस वर्ष पर्याप्त वर्षा नहुँदा उत्पादनमा ठूलो असर पर्ने चिन्ता उहाँको छ । 'जति सकिन्छ त्यति नै रोप्ने हो, तर अहिलेसम्म खेतमा पानी नै छैन। वर्षा नभएसम्म रोपाइँ सम्भव देखिँदैन ।' उहाँले भन्नुभयो ।

बाँकेका केही स्थानमा भने सिक्टा सिँचाइ आयोजना तथा डिपबोरिङमार्फत सिँचाइ सुविधा भएकाले सीमित मात्रामा धान रोपाइँ सुरु भएको छ । तर सिँचाइ सुविधा नपुगेका अधिकांश गाउँमा खेत अझै सुक्खा छन्। विशेषगरी डुडुवा, नरैनापुर र राप्तीसोनारी गाउँपालिकाका दक्षिणी भेगका खेतबारी धुलाम्मे अवस्थामा रहेको स्थानीय किसानहरू बताउँछन् ।

धान उत्पादनका दृष्टिले महत्वपूर्ण मानिने यी क्षेत्रमा समयमै रोपाइँ हुन नसक्दा उत्पादनमा गिरावट आउने मात्र होइन, किसानको आम्दानी र खाद्य सुरक्षामै असर पर्ने चिन्ता बढेको छ । यता कृषि ज्ञान केन्द्र बाँकेले भने तत्काल आत्तिनुपर्ने अवस्था नरहेको जनाएको छ । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले धान रोपाइँका लागि अझै पर्याप्त समय बाँकी रहेको बताउँदै भदौको पहिलो सातासम्म पनि रोपाइँ गर्न सकिने जानकारी दिनुभयो ।

उहाँका अनुसार हालसम्म ब्याडमा राखिएको धानको बीउ अत्यधिक ठूलो भइनसकेको र वर्षा सुरु हुनासाथ खेत तयारी गरी रोपाइँ गर्न सकिने अवस्था रहेको छ । 'अब केही दिनभित्रै वर्षा सुरु हुने मौसम पूर्वानुमान छ। वर्षा भएपछि खेत तयार गर्न पनि केही समय लाग्छ। त्यसैले करिब एक सातापछि बाँकेमा व्यापक रूपमा रोपाइँ सुरु हुने अपेक्षा गरेका छौं ।' प्रमुख घिमिरेले बताउनुभयो ।

उहाँले जिल्लाको उत्तरी भेगमा सीमित मात्रामा रोपाइँ भएको भए पनि अधिकांश किसान अझै वर्षाको प्रतीक्षामा रहेको जानकारी दिनुभयो । कतिपय स्थानमा पर्याप्त वर्षा नहुँदा किसानहरूले धानको ब्याडसमेत राख्न नपाएको अवस्था रहेको उहाँको भनाइ छ । कृषि ज्ञान केन्द्र नेपालगञ्जका तथ्याङ्कअनुसार यस वर्ष धान रोपाइँ हुने कुल ३३ हजार ७८० हेक्टर क्षेत्रफलमध्ये असार १२ गतेसम्म जम्मा १६८ दशमलव ९ हेक्टरमा मात्र रोपाइँ भएको छ । प्रतिशतका आधारमा यो कुल लक्ष्यको करिब ०.५ प्रतिशत मात्र हो, जुन अत्यन्त न्यून मानिन्छ ।

गत आर्थिक वर्ष भने जिल्लामा धान रोपाइँ हुने कुल ३४ हजार ७११ हेक्टर क्षेत्रफलमध्ये असारको यही अवधिसम्म तीन हजार ८१८ हेक्टर अर्थात् करिब ११ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको थियो । यस वर्षको प्रगति गत वर्षको तुलनामा निकै कमजोर देखिएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कले पुष्टि गरेको छ ।

जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा वर्षाको समय र मात्रा दुवै अनियमित बन्दै गएको भन्दै कृषि विज्ञहरूले दीर्घकालीन रूपमा सिँचाइ पूर्वाधार विस्तारमा जोड दिनुपर्ने आवश्यकता औंल्याएका छन् । आकाशे पानीमा मात्र निर्भर खेती प्रणालीले प्रत्येक वर्ष किसानलाई जोखिममा पार्ने भएकाले वैकल्पिक सिँचाइका योजनालाई प्राथमिकता दिनुपर्ने उनीहरूको सुझाव छ ।

# मन्दिर निर्माणमा रकम हिनामिनाको आरोप

●राप्तीपोष्ट समाचारदाता

दाङ, १५ असार । बझाङको छबिसपाथिभेरा गाउँपालिकास्थित बाँठपाली देवता मन्दिर निर्माणका क्रममा बजेट हिनामिना भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नौ जनाविरुद्ध विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले सोमबार तत्कालीन जनप्रतिनिधि, कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीसहित नौ जनाविरुद्ध २२ लाख १ हजार ६६५ रुपैयाँ बिगो दाबी गर्दै आरोपपत्र दायर गरेको हो । अख्तियारका अनुसार आर्थिक वर्ष २०७५/०७६ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विनियोजित बजेटबाट मन्दिर निर्माणका क्रममा व्यापक आर्थिक अनियमितता भएको अनुसन्धानबाट खुलेको छ ।

अनुसन्धानका क्रममा वास्तविक निर्माण कार्यभन्दा बढी काम भएको देखाई अस्वाभाविक दररेट कायम गरिएको, उपभोक्ता समितिको लागत सहभागिता नघटाई झुटा बिल तथा भरपाई तयार गरी सरकारी रकम भुक्तानी लिएको पुष्टि भएको आयोगले जनाएको छ ।

मुद्दा दायर गरिएकामध्ये दुर्गाथली गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत मकरबहादुर मण्डल, लेखापाल प्रेमप्रसाद पौडेल, इन्जिनियर हिक्मत रावल तथा सब-इन्जिनियर बमबहादुर बोहरा रहेका छन् । उनीहरूले बदनियतपूर्वक गलत प्रतिवेदन तयार गरी भ्रष्टाचारजन्य कार्यमा सहयोग गरेको आयोगको आरोप छ ।

यस्तै, छबिसपाथिभेरा गाउँपालिकाकी तत्कालीन उपाध्यक्ष राधिका कुमारी रतला तथा वडा नम्बर ६ का तत्कालीन वडा अध्यक्ष मोहनलाल विकविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरिएको छ । उनीहरूले आपसी मिलेमतोमा सरकारी कोषलाई हानि-नोक्सानी पुऱ्याउने कार्य गरेको आयोगको दाबी छ ।

त्यसैगरी, बाँठपाली देवता मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर बुढा, सचिव जयबहादुर बुढा र कोषाध्यक्ष मधुलीदेवी बुढालाई पनि प्रतिवादी बनाइएको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार प्रतिवादीहरूले गैरकानुनी रूपमा सरकारी रकम हिनामिना गरेको ठहर गर्दै उनीहरूबाट २२ लाख एक हजार ६६५ रुपैयाँ बिगो असुल गर्न तथा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र जरिवानाको सजाय माग गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।

# कलस सहकारीद्वारा सामूहिक रक्तदान

●राप्तीपोष्ट समाचारदाता

दाङ, १५ असार । घोराहीमा रहेको कलस बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत मानव जीवन बचाउन तथा रगतको अभाव न्यूनीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

घोराहीको तुल्सीपुर चोकस्थित संस्थाद्वारा सञ्चालित सहकारी बजार परियोजना परिसरमा आयोजित कार्यक्रममा ३२ जनाले रक्तदान गरेका थिए । चिकित्सकहरूका अनुसार नियमित रक्तदानले शरीरमा नयाँ रक्तकोष निर्माण प्रक्रियालाई सक्रिय बनाउनुका साथै आकस्मिक दुर्घटना, शल्यक्रिया, प्रसूति तथा विभिन्न रोगबाट उपचाररत बिरामीहरूको जीवन रक्षामा महत्वपूर्ण योगदान पुग्ने गर्दछ ।

कार्यक्रमको उद्घाटन गर्दै जिल्ला बचत संघ दाङका अध्यक्ष बिमलकुमार अधिकारीले रक्तदानलाई जीवनदानको संज्ञा दिँदै स्वास्थ्य संस्थाहरूमा रगतको माग निरन्तर रहने भएकाले यस्ता अभियान समाजका लागि अत्यन्त उपयोगी हुने बताउनुभयो । उहाँले सहकारी संस्थाहरूले आर्थिक कारोबारमा मात्र सीमित नरही सामाजिक सेवाका क्षेत्रमा समेत सक्रिय भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्ष माधव खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष चन्द्रावती भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सञ्चालन सचिव विमल योगीले गर्नुभएको थियो । कार्यक्रमको समापन गर्दै अध्यक्ष खनालले रक्तदान मानवताको उत्कृष्ट उदाहरण भएको उल्लेख गर्दै एक व्यक्तिले दिएको रगतले अर्काको जीवन बचाउन नियमित रूपमा रक्तदान गर्न आग्रह गर्नुभयो ।

रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्र घोराहीका प्रमुख दिलीप न्यौपानेसहित स्वास्थ्यकर्मीको टोलीले प्राविधिक व्यवस्थापन तथा रगत सङ्कलन गरेको थियो । रक्तदानमा ईश्वरीप्रसाद आचार्य, गिरिराज पोखेल, तेजबहादुर रावत, ढकराज सुवेदी, शालिकराम खनाल, बालचन्द्र शर्मा, चेतनाथ पाण्डे, सन्तोषकुमार शर्मा रेग्मी, विमल योगी, सरिता बुढाथोकी, चन्द्रप्रभा पुन मगर, शंकर थापा, ध्रुवराज पौडेल, तुलसीप्रसाद शर्मा, कमल थपलिया, अशोक बञ्जाडे, टिकाराम पौडेल, सन्तोष पौडेल, ज्ञानेश्वर आचार्य, दीपक जी.सी., तिलक के.सी., निवेश खनाल, गणेशसिंह रोका, गुरुप्रसाद पौडेल, गणेश श्रेष्ठ, पुष्करनाथ पौडेल, सन्दीप घिमिरे, टंकप्रसाद सुवेदी, दामोदर पौडेल, दीपक आचार्य, श्रीकान्त अधिकारी र अनिस सुवेदीलगायतले रक्तदान गर्नुभएको थियो ।

## खेलकुद खबर

# अष्ट्रेलियासँग पराजित हुँदै भारत महिला टी-२० विश्वकपबाट बाहिरियो

●राप्तीपोष्ट समाचारदाता



दाङ, १४ असार । आईसीसी महिला टी-२० विश्वकपको सेमिफाइनल प्रवेशका लागि जित्नै पर्ने निर्णायक खेलमा भारत अष्ट्रेलियासँग ६ विकेटले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ । लड्र्स क्रिकेट मैदानमा आइतबार राति सम्पन्न समूह चरणको अन्तिम खेलमा प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरे पनि अष्ट्रेलियाका अनुभवी ब्याटरहरूको उत्कृष्ट प्रदर्शनअघि भारतको चुनौती टिक्न सकेन ।

यस जितसँगै अष्ट्रेलियाले समूह चरणका सबै खेल जित्दै अपराजित रूपमा सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ भने भारतको हारले दक्षिण अफ्रिकालाई पनि अन्तिम चारमा पुग्ने बाटो खुलेको छ । समूह चरणको अन्तिम खेल अत्यन्तै रोमाञ्चक बने पनि निर्णायक क्षणमा अष्ट्रेलियाले आफ्नो अनुभव र संयमता प्रदर्शन गर्दै जित आफ्नो पक्षमा पारेको हो । टस जितेर पहिले ब्याटिङ रोजेको भारतले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १७० रनको प्रतिस्पर्धात्मक योगफल तयार पारेको थियो ।

सुरुआतमा भारतीय ओपनरहरूले संयमित खेल प्रदर्शन गरे पनि मध्यक्रममा कप्तान हरमनप्रीत कौरले आक्रामक ब्याटिङ गर्दै टोलीलाई बलियो स्थितिमा पुऱ्याउनुभयो । उहाँले केवल २७ बलमा ५६ रनको विस्फोटक अर्धशतक प्रहार गर्नुभयो। स्मृति मन्धानाले ३८ रनको महत्वपूर्ण योगदान दिँदा जेमिमा रोड्रिग्सले अन्तिमतिर तीव्र गतिमा रन थप्दै भारतलाई सम्मानजनक स्कोरसम्म पुऱ्याउन सहयोग गर्नुभयो ।

१७१ रनको लक्ष्य पछ्याएको अष्ट्रेलियाले सुरुआती चरणमा केही दबाब महसुस गरेको थियो । भारतीय बलरहरूले लगातार विकेट लिँदा एक समय अष्ट्रेलिया ६८ रनमा ३ विकेट गुमाएर अप्ठ्यारो अवस्थामा पुगेको थियो। आवश्यक रनगति पनि लगातार बढ्दै गइरहेको थियो र भारत खेलमा हावी देखिएको थियो ।

तर त्यसपछि अनुभवी एलिस पेरी र एश गार्डनरले चौथो विकेटका लागि शतकीय साझेदारी गर्दै खेलको दिशा नै परिवर्तन गरिदिनुभयो । दुवैले भारतीय बलिङमाथि आक्रामक दबाब सिर्जना गर्दै छोटो समयमा तीव्र गतिमा रन बटुल्नुभयो । पेरीले ३८ बलमा ५६ रन बनाउँदा गार्डनरले २९ बलमा अविजित ५३ रनको उत्कृष्ट इनिङ्स खेल्नुभयो । यी दुई ब्याटरको साझेदारीकै बलमा अष्ट्रेलियाले १९ ओभरमा ४ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो ।

भारतका लागि श्री चरणीले दुई विकेट लिनुभयो भने दीप्ति शर्माले एक विकेट हात पार्नुभयो । सुरुआतमा भारतीय बलरहरूले प्रभावशाली प्रदर्शन गरे पनि मध्य ओभरमा पेरी र गार्डनरलाई रोक्न नसक्दा टोलीले हार बेहोर्नुपऱ्यो । अष्ट्रेलियाले अन्तिम आठ ओभरमा तीव्र गतिमा रन बटुल्दै खेल आफ्नो पक्षमा मोडेको थियो ।

यो हारसँगै भारतको सेमिफाइनल पुग्ने सपना समूह चरणमै समाप्त भएको छ । प्रतियोगितामा भारतले केही उत्कृष्ट प्रदर्शन गरे पनि निर्णायक खेलमा दबाब थेग्न नसक्दा विश्वकप यात्रा टुंगिएको हो । यसअघि पनि भारतले समूह चरणमा दक्षिण अफ्रिकासँग महत्वपूर्ण खेल गुमाएको थियो, जसका कारण अन्तिम खेलमा जित अपरिहार्य बनेको थियो । तर बलियो अष्ट्रेलियाविरुद्ध अपेक्षित नतिजा निकाल्न नसक्दा भारत प्रतियोगिताबाट बाहिरिन बाध्य भयो ।

अष्ट्रेलियाले भने लगातार उत्कृष्ट प्रदर्शनलाई निरन्तरता दिँदै उपाधि दाबेदारीलाई थप बलियो बनाएको छ । समूह चरणका सबै पाँच खेल जितेको अष्ट्रेलियाले अब सेमिफाइनलमा वेस्ट इन्डिजसँग प्रतिस्पर्धा गर्नेछ । अर्को सेमिफाइनलमा इंग्ल्यान्ड र दक्षिण अफ्रिकाबीच प्रतिस्पर्धा हुनेछ ।

लड्र्समा सम्पन्न उक्त खेलले महिला टी-२० विश्वकप इतिहासमै सबैभन्दा ठूलो सफल रन चेजमध्ये एकको कीर्तिमान पनि कायम गरेको छ । २७ हजारभन्दा बढी दर्शकको उपस्थितिमा सम्पन्न खेलमा अष्ट्रेलियाले दबाबका बीच ऐतिहासिक जित निकाल्दै आफ्नो प्रभुत्व पुनः प्रमाणित गरेको छ ।

पराजयपछि भारतीय टोलीका कप्तान हरमनप्रीत कौरले टोलीले बलियो विपक्षीविरुद्ध केही महत्वपूर्ण क्षणमा अपेक्षाअनुसार प्रदर्शन गर्न नसकेको स्वीकार गर्नुभएको छ । उहाँले प्रतियोगिताबाट धेरै सकारात्मक पक्ष सिक्न पाएको उल्लेख गर्दै आगामी अन्तर्राष्ट्रिय प्रतियोगितामा अझ सशक्त रूपमा फर्किने प्रतिबद्धता व्यक्त गर्नुभयो । उता अष्ट्रेलियाकी एलिस पेरीले टोलीले दबाबपूर्ण अवस्थाबाट संयमतापूर्वक खेल्दै उत्कृष्ट साझेदारीका माध्यमबाट जित हासिल गरेको प्रतिक्रिया दिनुभयो ।

## धान ...

हुने धानमा गुणस्तरीय विविधीकरण आउन सक्यो भने धानचामलका नाममा धन बिदेसिने क्रममा विराम लाग्ने छ ।

चिन्ताको विषय भनेको धान उत्पादनको क्षेत्रफलमा सङ्कुचन हुँदै जानु हो । कृषि विभागका अनुसार आव २०७६/७७ मा १४ लाख ५८ हजार ९१५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको थियो । सो आवमा ५५ लाख ५० हजार ८७८ मेट्रिक टन धान उत्पादन भएको थियो । चालु आव २०८२/८३ मा धान खेतीयोग्य जमिन घटेर १३ लाख ७६ हजार हेक्टरमा सीमित भएको छ । यहाँनेर खुसीको विषय धानको उत्पादकत्व भने बढेको छ । धनहर खेतको क्षेत्रफल घटे पनि यो वर्ष ५७ लाख पाँच हजार १२६ मेट्रिक टन धान उत्पादन भएको छ । गत वर्षका साउनमा खडेरी परेका कारण कतिपय सुक्खा खेतमा धान लगाउन नसकिएकाले पनि कम क्षेत्रफलमा धान लगाइएको हुनु पर्छ । गत आव २०८१/८२ मा पनि धानको क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर मात्र थियो तर सो वर्ष धानको उत्पादन भने धेरै माथि गयो । त्यस वर्ष धानको उत्पादन बढेर ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन पुग्यो । त्यसको अघिल्लो आव २०८०/८१ मा १४ लाख ३९ हजार हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो । त्यसबाट ५७ लाख २४ हजार २३४ मेट्रिक टन धान उत्पादन हुने गरेको छ ।

सहरीकरण, औद्योगिकीकरण, धान खेतमा घरजग्गा व्यवसायीको व्यापक हस्तक्षेपले धान उत्पादन हुने क्षेत्रफल घट्दो क्रममै छ । धान लगाउने क्षेत्रफल घट्दै गए पनि उत्पादकत्व भने बढ्न थालेको छ । उत्पादकत्व बढेका कारण धानको उत्पादन बढेको हो । पाँच वर्षअघिको तुलनामा प्रतिहेक्टर ३.८ मेट्रिक टनबाट बढेर चालु आर्वमा प्रतिहेक्टर ४.१९ मेट्रिक टनसम्म उत्पादकत्व पुगेको छ । यो राम्रो सुधार हो । बङ्गलादेश, चीन भियतनामलगायतका मुलुकले प्रतिहेक्टर छ/सात मेट्रिक टनसम्म धान उत्पादन गरिरहेका छन् । त्यसले धान अर्थतन्त्रको विस्तारका निम्ति नेपालले अझै उत्पादकत्व बढाउन सक्ने सम्भावना छ । यो स्वनिर्भरताका निम्ति आवश्यकतासमेत हो ।

धान उत्पादन बढे पनि उत्पादित धानले आन्तरिक माग पूरा गर्न सकेको छैन । अझै आयात नगरी चामलको माग सम्बोधन पूरा हुँदैन । नेपालमा वार्षिक ४० अर्ब रुपियाँसम्म धानचामल आयात भएको पाइएको छ । नेपालमा वार्षिक चामलको आवश्यकता ७० देखि ७२ लाख मेट्रिक टन पुग्न थालेको आँकडाका आधारमा पनि आवश्यकता पूरा गर्न आयात गर्नु परेको हुनु पर्छ । नेपालमा तराईदेखि पहाडको उच्च भेगसम्म धान फल्ने हुँदा धानको उत्पादन बढाएर आयात प्रतिस्थापन गर्न सकिने सम्भावना छ । संसारकै सबैभन्दा अग्लो स्थानमा धान हुने देशसमेत नेपाल नै हो । तराईको फाँटिला अन्न भण्डारमा धान नै पहिलो खेती हो । तीन हजार ५० मिटरसम्मको उचाइमा रहेको जुम्लाको छुमचौरमा समेत धान फल्छ । जुम्ली मार्सीको भाउ त अझ महँगो छ । राजधानीका डिपार्टमेन्ट स्टोरमा जुम्ली मार्सीको भाउ अन्य कतिपय सामान्य चामलभन्दा दोब्बरसम्म छ । राणाकालमा चन्द्रशमशेरले समेत हुलाकीबाट जुम्लाबाट प्रत्येक दिन दुई मानाका दरले चामल जुम्लाबाटै ल्याएर खाने गरेको इतिहास छ । उच्च हिमाली क्षेत्रमा फल्ने जुम्ली मार्सीप्रतिको बजार आकर्षण बढ्दै गएको सन्दर्भमा उच्च पहाडी अनेक फाँटिला बाँझा जमिनमा सिँचाइ व्यवस्थापन गरी धान फलाउन सकिने सम्भावना छ । यसबाट मार्सी उत्पादन बढाई उच्च मूल्यको बजार पाउन सकिने सम्भावना छ । विद्युत् पहुँच बढ्दै गएकाले अब सिँचाइ सहज हुँदै जाने सुनिश्चित छ ।

नेपालको मनाङ र मुस्ताङबाहेक ७५ वटै जिल्लामा धान फल्छ । धेरथोर धनहर खेत छन् । जुम्लाको छुमचौर खेतमा हुने जुम्ली मार्सी जातको धानमा अत्यधिक चिसो सहन सक्ने पैतृक गुण अनुपम मानिन्छ । नेपालको पूर्वदेखि पश्चिमसम्मकै उच्च पहाडी भेगमा सिँचाइको व्यवस्थापनले महँगो धान उत्पादन गर्न सकिने छ । सिँचाइ सुविधा भए पहाडका बेँसी र तराईमा वर्षको दुई पटक धान राम्ररी फल्छ । चैते धानको खेती अझै तीव्रत्तर विस्तार गर्न सकिन्छ । विविध आयामले धान नेपालको वास्तविक धन हो । यसको उत्पादन वृद्धिमा अब्बल योजना, नीति र कार्यक्रम भने युगसापेक्ष आवश्यक छ । कृषिमा मल, बिउसँगै अब यान्त्रिकीकरण जरुरी छ । तीन तहकै सरकारले धानको अर्थतन्त्र विस्तार गर्नु स्वनिर्भर अर्थतन्त्रका निम्ति वाञ्छनीय नै छ । - **(गोरखापत्रबाट)**


**बोरिङ्को पानी चाहिएमा**

हामीकहाँ २८० फिट गहिराइबाट निकालिएको पानी होम डेलीभरीका साथ उपलब्ध गराइन्छ ।

**खरेल वाटर सप्लायर्स**

घोराही, ०८२-५६२०४५, कार्यालय ९८५७८३२६४५


## जरूरी फोन नम्बरहरू

प्रहरी
प्रहरी कन्ट्रोल १००
जिल्ला प्रहरी कार्यालय दाङ ५६०१९९
प्रहरी उपरिक्षक ५६२३६३, ९८५७८०५५५५, ९८५१२८०३९१, ९८०२५०३२५५
नगर (प्रहरी घोराही) ५६०९९९
इप्रका तुलसीपुर ५२००२०
इप्रका लमही ५४०१४०
इप्रका भालुवाङ ५८००८४
ट्रफिक कार्यालय ५६००४१
अंचल प्रहरी ५२०१९९
सशस्त्र प्रहरी बेस क्याम्प तुलसीपुर ५२१८९१

अस्पताल
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९
आयुर्वेद चिकित्सालय, बिजौरी ५२०१०५
राप्ती प्रादेशीक अस्पताल, तुलसीपुर ५२००११
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
राप्ती आँखा अस्पताल रक्षाचौर ५२०१६५
ब्लड बैंक घोराही ५६१४६०
पशु सेवा कार्यालय ५६००२१
आँखा उपचार केन्द्र ५६०८०३
अपाङ्ग समाज सुधार केन्द्र फिजियो थेरापी केन्द्र तुलसीपुरः ९८४४९०२९३८
गोर्खा पब्लिक अस्पताल ०८२-५६३४१४

एम्बुलेन्स
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९, ९८४७८२६४२०, (ड्राइभर)
रेडक्रस, दाङ ५२००२२
लायन्स क्लब अफ तुलसीपुर ५२०८९९
*(ड्राइभर ९८४७८९१०२७ ड्राइभर ९८४४९६७५५३)*
देउखुरी उद्योग वाणिज्य संघ ५४०१०१
राप्ती सेवा संघ ५६२०७४
नेपाल भारत मैत्री संघ तुलसीपुर ५२१६१०
राप्ती प्रादेशिक अस्पताल ५२१०११
स्वास्थ्य चौकी सिसहनीया ६९२२२८
प्राथमिक स्वास्थ्य केन्द्र स्यूजा ९७४८५१७७०४
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
लायन्स क्लब तुलसीपुर ५२२३७६
प्रा.स्वा.के. श्रीगाउँ बागर ९७४८५२९९२३
नेपाल सामुदायिक विकास संस्था घोराही ५६१६१५
दाङ देउखुरी होटल व्यवसायी ५६२६२२
तुलसीपुर उद्योग वाणिज्य संघ ५२०८९३
उपस्वास्थ्य चौकी नारायणपुर ९८०६२८४९१९(ड्राइभर)
कमल बहुउद्देश्यि सहकारी ५२२६०३
गढवा स्वास्थ्य चौकी ड्रा.९८४४९३०८३३, ९९३८२१११४
घोराही हस्पिटल प्रा.लि. ०८२-५६३२९७, ९८५७८३२३३३
सुवास स्मृति उपभोक्ता सहकारी धनौरी ९८१२८०००२६
नेपाल आमा समूह : चालक. ९८५७८३४९९०, ९८५७८३४९९१
रोल्पाली समाज सेवा, घोराही, दाङ चा.९८४७९५९६३०, ९८५७८३४७६०
विष्णुदेवी फाउण्डेशन : ९८६६९३०३२८

वारुणयन्त्र
घोराही ५६०४९९ लमही ५४०००३
तुल्सीपुर ५२०३०५

पार्टी कार्यालय
नेकपा (एमाले) ५६०२३०
नेपाली काँग्रेस ५६०२२९
राष्ट्रिय जनमोर्चा ५६०३८४
ए.नेकपा (माओवादी) ५६१६९२
नेकपा माले ९८४७८२७३९३

केही सरकारी कार्यालय
जिल्ला प्रशासन, दाङ ५६०१३३
घोराही उपमहानगरपालिका ५६०४७०
जिल्ला समन्वय समिति दाङ ५६००३८, ५६०१४४
जिल्ला अदालत ५६०२४५
जिल्ला जनस्वास्थ्य कार्यालय ५६२०३९
जिल्ला हुलाक कार्यालय ५६००२४
शिक्षा विकास तथा समन्वय इकाई ५६०००९
नेपाल टेलीकम घोराही ५६००४४
नेपाल टेलीकम तुल्सीपुर ५२००४४
नेपाल विद्युत प्राधिकरण ५६००३७
जिल्ला कृषि विकास कार्यालय टल फ्री नम्बर ६६०८२५६३३३

संघ संस्था/विविध
नेपाल पत्रकार महासंघ ५६१४९७
दाङ उद्योग वाणिज्य संघ ५६००६३
नेपाल वार एशोसिएसन ५६१४५३
घोराही बुकिङ काउन्टर ५६०४१५


सुनौं दाङलाई

| रेडियो | फ्रिक्वेन्सी | समय | नारा |
| --- | --- | --- | --- |
| रेडियो मध्यपश्चिम | ९१.४ मेगाहर्ज | विहान ५:०० देखि राती ११:०० बजेसम्म | आवाज हिनको आवाज पश्चिम नेपालको आवाज |
| रेडियो स्वर्गद्वारी | १०२.८ मेगाहर्ज | विहान ५:०० देखि राती १०:०० बजेसम्म | |
| रेडियो इन्द्रेणी | ९२.४ मेगाहर्ज | विहान ५:०० देखि राती १०:०० बजेसम्म | पल पलको साथी |
| रेडियो सञ्जीवनी | ९१ मेगाहर्ज | विहान ५:३० देखि राती १०:०० बजेसम्म | |
| रेडियो झरना | ८८.०० मेगाहर्ज | विहान ५:३० देखि राती ११:०० बजेसम्म | हिमाल पहाड तराइको एउटै आवाज |
| रेडियो तुलसीपुर | १००.२ मेगाहर्ज | विहान ५:०० देखि राती १०:०० बजेसम्म | |
| रेडियो प्रकृति | ९३.४ मेगाहर्ज | विहान ५:०० देखि राती ११:०० बजेसम्म | नेपालकै पहिलो वातावरण मैत्री रेडियो |
| रेडियो हाम्रो पहुँच | ८९.०० मेगाहर्ज | विहान ५:०० देखि राती १०:०० बजेसम्म | गणतान्त्रिक नेपालको समावेशी आवाज |
| रेडियो हाईवे | १०३.५ मेगाहर्ज | विहान ५:०० देखि राती ११:०० बजेसम्म | समावेशी विचारको समावेशी आवाज |
| रेडियो नयाँ युग | १०७.३ मेगाहर्ज | विहान ५:००-११:०० राती ३:००-११:०० | सुशासन, न्याय र रुपान्तरण हाम्रो अभियान |
| रेडियो देउखुरी | १०५.८ मेगाहर्ज | विहान ५:००-११:०० राती ३:००-१०:०० बजेसम्म | |
| रेडियो हापुरे | ८९.४ मेगाहर्ज | विहान ५:०० देखि १२:१५ दिउँसो २:००- राती १०:०० बजेसम्म | |

रेडियो साझा आवाज गढवा, देउखुरी

# दंगीशरणमा नौ जना किसान सम्मानित

●राप्तीपोष्ट समाचारदाता

दंगीशरण, १५ असार । दाङको दंगीशरण गाउँपालिकाले २३ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाएको छ ।



गाउँपालिकाले वडा नं. २ को बङ्गलापुरस्थित किसानको खेतमा पुगेर सामूहिक धान रोपाइँ गर्नुका साथै उत्कृष्ट किसानहरूलाई नगद, दोसल्ला तथा सम्मानपत्रसहित सम्मान गरेको हो । गाउँपालिकाले हरेक वर्ष धान दिवस मनाउँदै आएको र किसानलाई कृषि पेशाप्रति थप आकर्षित गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कृषि शाखा प्रमुख शरु भुषालले जानकारी दिनुभयो। उहाँका अनुसार यस वर्षदेखि धान दिवसको अवसरमा उत्कृष्ट किसानलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमसमेत सुरु गरिएको हो ।

उत्कृष्ट किसान छनोटका लागि गाउँपालिकाले आवेदन आह्वान गरेको थियो । प्राप्त आवेदनहरूको स्थलगत अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेका किसान तथा कृषि फर्मलाई छनोट गरी सम्मान गरिएको कृषि शाखाले जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष शम्भु गिरीले भारतबाट आयात हुने धानको बीउमा निर्भर नहुन आग्रह गर्दै स्थानीयस्तरमै उत्पादन भएका उन्नत जातका बीउ प्रयोग गर्न किसानलाई अनुरोध गर्नुभयो । साथै उहाँले रासायनिक मलको प्रयोग क्रमशः घटाउँदै जैविक तथा कम्पोस्ट मलको उत्पादन र प्रयोग बढाउन गाउँपालिकाले आवश्यक बजेट विनियोजन गर्ने योजना रहेको बताउनुभयो ।

यस अवसरमा सन्तोषी चौधरी, रबिन्द्र चौधरी, कल्पना कवर, दीपकराज खत्री, परागु चौधरी, सुशील देवकोटा, मैराज चौधरी, रुद्रसिंह रावत र धर्मराज खड्कालाई नगद, दोसल्ला तथा सम्मानपत्रसहित सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कर्णबहादुर नेपाली, वडा नं. ३ का अध्यक्ष शुकलाल चौधरी, वडा नं. ५ का अध्यक्ष निरज बस्नेत, वडा नं. २ का अध्यक्ष डम्बर खत्रीलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । गाउँ सुधार समूहका अध्यक्ष देवीराम चौधरीको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## संजीवनी ...

प्रदान गर्ने अभियानलाई निरन्तरता दिइरहेको उल्लेख गर्दै विद्यालयमै पुगेर विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय समुदायलाई एकै स्थानबाट स्वास्थ्य सेवा उपलब्ध गराउनु अस्पतालको महत्वपूर्ण सामाजिक दायित्व भएको बताउनुभयो । रोगको प्रारम्भिक पहिचानबाट कम समय, कम खर्च र प्रभावकारी उपचार सम्भव हुने भएकाले यस्ता स्वास्थ्य परीक्षण शिविरको आवश्यकता पछिल्ला वर्षहरूमा अझ बढ्दै गएको उहाँको भनाइ थियो । साथै उहाँले शिविर सफल बनाउन सहयोग पुऱ्याएको विद्यालय परिवारप्रति आभार व्यक्त गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका विद्यालयका प्रधानाध्यापक ऋषिराज अधिकारीले समुदायमै रहेको शिक्षण अस्पतालले सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै विद्यालयमै स्वास्थ्य सेवा उपलब्ध गराउनु प्रशंसनीय कार्य भएको बताउनुभयो । उहाँले विद्यार्थी, शिक्षक तथा अभिभावकलाई प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने अवसर सिर्जना गरेकोमा अस्पताल व्यवस्थापनप्रति विद्यालय परिवारका तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो ।

शिविरमा विभिन्न विधाका विशेषज्ञ चिकित्सकहरूले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गर्नुभएको थियो। बालरोग विशेषज्ञ डा. सन्दीप पोखरेल, हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. सुनिलकुमार चौधरी, प्रसूति तथा महिला रोग विशेषज्ञ डा. विवेक चौवे तथा नाक, कान तथा घाँटी रोग विशेषज्ञ डा. सुवर्ण बुढामगरले सहभागीहरूको स्वास्थ्य परीक्षण गरी आवश्यक परामर्श दिनुका साथै थप उपचार आवश्यक परेका बिरामीलाई सम्बन्धित सेवा केन्द्रमा सिफारिस गर्नुभएको थियो ।

विशेषज्ञ चिकित्सकहरूको टोलीले बालबालिकामा देखिने स्वास्थ्य समस्या, महिलाको स्वास्थ्य, हाडजोर्नी तथा नशा सम्बन्धी समस्या, नाक, कान तथा घाँटीसम्बन्धी रोगको परीक्षण गरी उपचार तथा आवश्यक स्वास्थ्य सुझाव प्रदान गरेको अस्पतालले जनाएको छ । कार्यक्रमको सञ्चालन संजीवनी टिचिङ हस्पिटलका प्रशासकीय अधिकृत सुशील रिजालले गर्नुभएको थियो भने स्वागत मन्तव्य विद्यालयकी शिक्षिका कृष्णा पौडेलले राख्नुभएको थियो ।

## गोरखा ...

संस्थाको पहिचान स्थापित गरेको उल्लेख गरिएको छ ।

विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धिसँगै अनुशासन, नैतिक शिक्षा, अतिरिक्त क्रियाकलाप र विद्यार्थीमैत्री वातावरणलाई प्राथमिकतामा राखेर सञ्चालन गर्दै आएको शैक्षिक अभियानले राष्ट्रिय स्तरमा समेत सकारात्मक पहिचान बनाउन सफल भएको आयोजक संस्थाले जनाएको छ ।

विद्यालय प्रशासनले प्राप्त राष्ट्रिय सम्मानलाई सम्पूर्ण विद्यालय परिवार, शिक्षक-शिक्षिका, विद्यार्थी, अभिभावक तथा शुभेच्छुकहरूको साझा उपलब्धिका रूपमा लिएको जनाएको छ । यस सम्मानले आगामी दिनमा अझ जिम्मेवार, प्रभावकारी र गुणस्तरीय शैक्षिक सेवा प्रदान गर्न थप प्रेरणा मिलेको विद्यालयको विश्वास छ । विद्यालयले भविष्यमा पनि गुणस्तरीय, व्यवहारिक, प्रविधिमैत्री तथा प्रतिस्पर्धी शिक्षामार्फत राष्ट्रका लागि सक्षम, दक्ष र जिम्मेवार जनशक्ति उत्पादन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

## वर्षासँगै ...

भएकाले रोपाइँ अपेक्षाकृत सुस्त देखिएको कृषि अधिकारीहरूको भनाइ छ ।

तराईका केही जिल्लामा समेत अपेक्षाअनुसार प्रगति हुन सकेको छैन । कपिलवस्तुमा ६६ हजार दुई सय ६५ हेक्टर धान क्षेत्रमध्ये एक हजार ५० हेक्टर अर्थात् १ दशमलव ५८ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ सम्पन्न भएको छ । सबैभन्दा कम प्रगति भने बाँकेमा देखिएको छ । जिल्लाको ३३ हजार आठ सय ५० हेक्टर धान क्षेत्रमध्ये जम्मा एक सय ६८ दशमलव ९ हेक्टर अर्थात् ० दशमलव ५ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ सम्पन्न भएको छ । लामो समयसम्म पर्याप्त वर्षा नहुनु तथा सिँचाइ सुविधा सीमित रहनु यसको प्रमुख कारण रहेको कृषि अधिकारीहरूले बताएका छन् । कतिपय स्थानमा किसानले ब्याडसमेत राख्न नपाएको अवस्था रहेको छ ।

प्रदेश कृषि प्रसार अधिकृत नवीन गैरेका अनुसार शनिबारदेखि प्रदेशका अधिकांश क्षेत्रमा वर्षा सुरु भएपछि रोपाइँ गर्ने किसानको संख्या उल्लेखनीय रूपमा बढेको छ । पहाडी जिल्लामा अधिकांश खेती आकाशे पानीमा निर्भर हुने भएकाले वर्षा भएपछि खोला, कुलो र मूलमा पानी बढ्ने तथा त्यसपछि रोपाइँले तीव्रता लिने गरेको उहाँले बताउनुभयो ।

तराईका जिल्लामा भने सिँचाइ सुविधा भएका क्षेत्रमा मोटर तथा नहरमार्फत सिँचाइ गरेर पनि रोपाइँ भइरहेको छ । पछिल्ला केही दिनयता परेको वर्षाले सिँचाइ अभाव भएका क्षेत्रसमेत लाभान्वित भएकाले आगामी एक साताभित्र प्रदेशभर रोपाइँको अवस्था उल्लेखनीय रूपमा सुधार हुने अपेक्षा गरिएको छ ।

कृषि विज्ञहरूका अनुसार समयमै पर्याप्त वर्षा भइरहेमा यस वर्ष धान उत्पादनमा ठूलो असर नपर्ने सम्भावना छ । तर वर्षा फेरि लामो समय रोकिने अवस्था आए रोपाइँ ढिलो हुने र त्यसले उत्पादनमा प्रत्यक्ष असर पार्न सक्ने चेतावनी पनि उनीहरूले दिएका छन् ।

हालका लागि भने लुम्बिनी प्रदेशका किसानहरू खेतमा व्यस्त छन्। केही साताअघि धुलाम्मे देखिएका खेतहरू अहिले हरियाली बन्न थालेका छन् । मनसुनले निरन्तर साथ दिए यस वर्ष पनि प्रदेशमा धान उत्पादन सन्तोषजनक हुने अपेक्षा कृषि क्षेत्रका सरोकारवालाहरूले गरेका छन् ।





**आइपुग्यो ! आइपुग्यो !**

गर्मीयाममा २४ घण्टासम्म चिसो र जाडो याममा तातो हुने चिल्ड जार बजारमा आइपुग्यो ।

**स्वर्गद्वारी ड्रिङ्किङ वाटर**

प्रो. धर्मेन्द्र के.सी. सम्पर्क : ०८२-५६३०२१, मो. ९८४७८६२३७५

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल सम्पर्क कार्यालय नेपागञ्जको अनुरोध !**

बाँके, बर्दिया, दाङ र रोल्पा जिल्लाका कुनै पनि सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले भ्रष्टाचारजन्य कार्यहरु गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार इमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउनुहुन अनुरोध छ ।

इमेल: ciaanepalgunj@gmail.com
फ्याक्स : ०८१-५५०४२६
फेसबुक : www.facebook.com/ciaa.nepalgunj.3
सम्पर्क नम्बर :
०८१-५५०६२७, ९८५८०४३८८८, ९८५८०४५७८८, ९८५८०५३४८८

*आयोगको हटलाईन नम्बर १०७ (पैसा लाग्दैन)*

भ्रष्टाचार विरुद्धको सहकार्य : सुशासनका लागि अपरिहार्य

**गोमा फर्निचर उधोग एण्ड गोमा ग्रिल उधोग खुल्यो !**

हामीकहाँ फर्निचर समानहरू अडर अनुसार बनाइनुको साथै ग्रिल सम्बन्धित सम्पूर्ण काम गरिन्छ र टायर पनि मर्मत गरिन्छ । एक पटक सेवा गर्ने मौका दिनुहोस् ।
*नोटः- होम डेलिभरिको व्यवस्था पनि उपलब्ध छ।*
प्रो. मुम बहादुर घर्ती मगर
सञ्चालकः सूर्य घर्ती मगर/भुपाल घर्ती मगर
सम्पर्क मो.: ९८४२७९०४२६,९७४६२३१३४०
लमही -३, मजगाउँ, देउखुरी, दाङ।


**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

मधुमेहले,
★ शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,
★ विभिन्न अंगमा क्षति पुयाउन सक्छ,
★ मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
★ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरू नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं.
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

*नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड




**हामीलाई सम्झनुहोस् !**

तपाई बलियो भौतिक संरचना निर्माणको तयारीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस । हामीकहाँ अत्याधुनिक मेसिनबाट धोएको सफा बालुवा, विभिन्न साइजका गिट्टीहरू उपलब्ध छ । हामी तपाईको निर्माणस्थलसम्म सेवा दिन तयार छौं ।

**समृद्धि माइनिङ एण्ड कन्सट्रक्सन प्रा.लि.**
मुख्य कार्यालय घोराही, दाङ
सम्पर्क नं. : ०८२-५६३८९३, ९०१३४८६३०, ९०१३४८६३१, ९८०१३४८६३३

**दाङको सान रुन्टी ब्राण्ड सामान !**

हामीकहाँ गुणस्तरीय हापुर ट्वाइलेट क्लिनर, कालो फिनायल, सेतो, फिनायल, भाँडा माझ्ने सावुन, हात धुने सावुन, लुगा धुने सावुन, नुहाउने सावुन, डिटजेन्ट पाउडर, ग्लास क्लिनर, टायल तथा मार्वल क्लिनर र गाडी धुलाइका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री उत्पादन गरिन्छ ।

**उत्पादकः प्रभु लघु उद्योग घोराही-१५ दाङ**
फोन नं. ९८५७८३०५०४

**गोल्डका नयाँ इट्टा बजारमा**

'हाम्रो प्रतिवद्धता गुणस्तरीय इट्टा"

गोल्ड ब्रिक ब्राण्डका इट्टा प्रयोग गर्नुहोस र जीवनभरका लागि ढुक्क हुनुहोस् ।

विगत २५ वर्ष देखि यहाँहरूको मन जित्दै आएको उच्च गुणस्तरको गोल्ड ब्राण्डका नयाँ इट्टाहरू उत्पादन भइसकेकाले आजै सम्पर्क राखी मौकाको फाइदा उठाउन अनुरोध छ ।

अग्रीम बुकिङ गर्नेलाई विशेष छुट दिइनेछ ।

प्रो. रोम वलीः- ९८५७८३०२३२
**गोल्ड ब्रिक इन्डष्ट्री**
उद्योगः घोराही उपमहानगरपालिका- १२, सम्पर्कः ९८४७८६३४६२
डिपोः घोराही उपमहानगरपालिका-१५, स्वर्गद्वारी हल रोड, सम्पर्कः ९०८२-५६०६२९

**नेवा सप्लायर्स** (प्रो. सन्तोष श्रेष्ठ)
घोराही-१५ तुलसीपुर चोक दाङ सम्पर्क : ९८५७८४०७६२, ९८१०९३९१००, ९८०१३५४६३१

हामी कहाँ LG, CG का TV, Refrigerator, Deep-freezer, washing machine, fan लगायत piago Brand र Black and Decker American Brand का किचनको सम्पुर्ण सामानहरु सुपथ मुल्यमा पाइन्छ र राप्ती मनकामना ग्याँस र ग्याँसका सम्पुर्ण Brand सामानहरु पनि पाइने जानकारी गराउँछौं ।

**गणेश ग्याँस सप्लायर्स**
घोराही-१४ गणेश मन्दिरचोक दाङ सम्पर्क नं. ९८२२८५५००५